## अध्याय २

# तालिम दिने संस्था र तालिमको प्रकृति

नेपाली मिडिया युवा पुस्ताका लागि आकर्षणको केन्द्र बनेको छ । यस सँगसँगै मिडियाका विभिन्न पक्षबारे तालिम दिने संस्थाको संख्या पनि बढेको छ ।[१] मिडियासम्बन्धी काम गर्ने उद्देश्यले खुलेका धेरैजसो संस्थाहरूले आफ्नो उद्देश्यभित्र तालिम सञ्चालनलाई प्रमुखतासाथ समेटेका हुन्छन् ।

सञ्चार गृहदेखि प्रेससम्बन्धी अधिकारको रक्षा र सम्वर्द्धनको वकालत गर्ने, मिडियाको अन्तर्वस्तु (सामग्री) उत्पादन गर्ने संस्थाहरूसमेत तालिम दिन लागिपरेका छन् । त्यस्तै, सञ्चारकर्मीहरूको हक, हित र अधिकारका लागि खुलेका संस्थाहरूले पनि मिडियासम्बन्धी तालिम दिइरहेका छन् । विभिन्न उद्देश्यले खुलेका संस्थाहरूले

---

१ यो अध्ययनको समय (२०६६/६७ साल) मा मिडियासम्बन्धी तालिममा क्रियाशील संस्थाहरूको सूची अनुसूची १ मा दिइएको छ । यो सूची अध्ययन क्षेत्रहरूको भ्रमणका क्रममा सङ्कलित जानकारीका आधारमा तयार पारिएको हो । तसर्थ यसमा हाम्रो अध्ययन क्षेत्र (काठमाडौं, विराटनगर, धरान, बुटवल, पोखरा, नेपालगञ्ज र धनगढीमा कार्यरत संस्थाहरू मात्र परेका छन् । यी क्षेत्रभित्रैका पनि ज्यादै थोरै संख्यामा तालिमका गतिविधि गरिरहेका वा विगत ३-४ वर्षदेखि मिडिया तालिमसम्बन्धी कुनै गतिविधि नै नगरेका संस्थाहरू छुटेका हुन सक्छन् ।

तालिममा चासो देखाउनुको मुख्य कारण नेपाली मिडियामा क्षमतावान् जनशक्तिको बढ्दो माग र मिडियाप्रति युवाको बढ्दो आकर्षण नै हो। मानवअधिकार, वातावरणजस्ता मिडिया इतरका क्षेत्रमा काम गर्ने संस्थाहरूले आ-आफ्ना विषयमा पत्रकारलाई परिचित गराउन तालिम दिन्छन्। आफूले उठाइरहेका मुद्दाहरू मिडियामा सशक्त र प्रभावकारी ढङ्गले आउन सकोस् भन्ने चाहनाले क्रियाशील पत्रकारलाई यस्तो तालिम दिने गरिन्छ।

तालिम दिने उद्देश्य र तिनले सञ्चालन गर्ने तालिमको प्रकृति हेर्दा यी संस्थाहरूलाई मुख्य गरी दुई भागमा बाँड्न सकिन्छ– तालिम नै मुख्य उद्देश्य भएका संस्था र मुख्य उद्देश्य तालिम नभए पनि तालिम दिइरहेका संस्था। यहाँ यस्तै केही संस्थाहरूबारे छोटो चर्चा गरिएको छ :

## तालिम नै मुख्य उद्देश्य भएका संस्थाहरू

मिडियासम्बन्धी तालिम दिने मुख्य उद्देश्य भएका संस्थाहरूले व्यावसायिक रूपमा एकपछि अर्को तालिम चलाउँछन्। प्रायः यस्ता तालिम प्रशिक्षार्थीबाट प्राप्त शुल्कमा निर्भर हुन्छन्। यस्ता संस्थाहरूले पत्रकारिता, कार्यक्रम उत्पादन, उद्घोषण, प्रविधि आदिबारे सीप हासिल नगरेका व्यक्तिहरूलाई आधारभूत किसिमका तालिम सञ्चालन गरिरहेका छन्। इच्छुक व्यक्तिलाई आधारभूत सीप सिकाएर मिडियामा प्रवेश गराउन यिनले उल्लेख्य योगदान गरिरहेका छन्। मिडियासम्बन्धी तालिम प्रदायकका रूपमा अढाई दसकको अनुभव बोकेको नेपाल प्रेस इन्स्टिच्युट (एनपीआई) तथा डेढ दसकको अनुभव बोकेको मिडिया प्वाइन्टदेखि निजी लगानीका अन्य थुप्रै संस्थाहरू पर्दछन्। तर, यस्ता संस्था धेरै देखिए पनि लगातार तीन वर्ष जति तालिम दिएका संस्था भने औंलामा गन्न सकिने जति मात्र छन्। धेरै संस्थाहरू वर्षे भेलझैं देखापरेर छोटो समयमै सुकेका छन्; विशेषतः उद्घोषण तथा प्रसारण पत्रकारितासम्बन्धी तालिम दिने संस्थाहरू।

पत्रकारितासम्बन्धी नियमित तालिम दिँदै आएका संस्था भन्नेबित्तिकै एनपीआई र मिडिया प्वाइन्टको नाम अगाडि आउँछ। मिडियासम्बन्धी तालिममा यी दुवै संस्थाले लामो इतिहास बनाएका छन्। नेपाली पत्रकारिताका लागि दक्ष धेरै पत्रकारहरू उत्पादन गरी महत्त्वपूर्ण काम गरेका छन्। खास गरी छापामाध्यमलाई लक्षित गरेर आधारभूत पत्रकारिता तालिम नियमित दिने यी दुई संस्था मात्र हुन्। यी दुईमा पनि इतिहास, साधन स्रोत तथा यसले दिने तालिमको प्रकृतिका हिसाबले एनपीआई अझ अग्रपङ्क्तिमा छ।

### *नेपाल प्रेस इन्स्टिच्युट (एनपीआई)*

गैरनाफामूलक संस्थाको रूपमा एनपीआईको स्थापना २०४१ साल (सन् १९८४) मा भएको हो। भारतदत्त कोइराला, गोकुल पोखरेललगायतका पत्रकारहरूको अग्रसरतामा यो संस्था खुलेको थियो। यसको लक्ष्य नेपाली मिडियाको स्तर र व्यावसायिकता अभिवृद्धिमा सघाउँदै स्वतन्त्र र निष्पक्ष मिडियाको विकास गर्ने रहेको छ। यसले आफ्नो उद्देश्यको पहिलो बुँदामा नै तालिम सञ्चालन गरी मिडियाको व्यावसायिकता सुधार्ने जनाएको छ।[२] एनपीआईले देशका अरू भागलाई पनि समेट्नका लागि काठमाडौंबाहिर क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूसमेत स्थापना गरेको छ। २०५२ साल (सन् १९९५) मा पूर्वाञ्चलको विराटनगर र मध्यपश्चिमाञ्चलको नेपालगञ्ज तथा २०६० साल (सन् २००३) मा पश्चिमाञ्चलको बुटवलमा यस्ता केन्द्रहरू खोलिए।

एनपीआईको मुख्य कार्यालयले काठमाडौंमा सुरुदेखि दस महिने आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्दै आएको छ। यद्यपि २०५९/६० सालतिर यसैलाई बाह्र महिने गराइएको थियो तर तीन समूह (व्याच) सञ्चालन गरेपछि पुनः दस महिने भएको छ। दस महिनाभित्रै पनि दुई महिना चाहिं इन्टर्नसिप गराइन्छ। यो तालिम दैनिक साढे दुई घण्टा सञ्चालन हुन्छ। प्रत्येक समूहमा प्रायः २५ देखि ३० जनासम्म हुन्छन्। २०६६ को अन्तसम्ममा जम्मा २५ व्याचलाई तालिम दिइसकेको एनपीआईको केन्द्रबाट ६२८ जनाले तालिम लिइसकेका छन्।[३]

केन्द्रले दस महिने तालिम सञ्चालन गरिरहँदा यसका क्षेत्रीय स्रोत केन्द्रहरूले भने ३ महिने आधारभूत पत्रकारिता तालिम सञ्चालन गरिरहेका छन्। यी तालिम वर्षको एकपल्ट मात्र सञ्चालन हुन्छन्। तीन महिने तालिम दैनिक २ घण्टा सञ्चालन हुन्छ। एनपीआई केन्द्रले भने यी तालिम आधारभूत पत्रकारितासम्बन्धी ज्ञान र सीपका लागि अपुग भएको मूल्याङ्कनका आधारमा २०६४ सालदेखि नै पाँच महिने बनाउन आफ्ना क्षेत्रीय स्रोत केन्द्रहरूलाई निर्देशन दियो। विराटनगर स्रोत केन्द्रले यसलाई २०६५ सालमा पाँच महिने बनाएर पनि हेर्‍यो। तर, लामो अवधि भयो भन्दै प्रशिक्षार्थीहरूले पाँच महिने

---

[२] सन् २००७ मा प्रकाशन गरिएको एनपीआईको ब्रोसियरमा उल्लिखित जानकारी। तालिमका अलावा यो संस्थाले मिडियासम्बन्धी अनुसन्धान, प्रकाशन, वकालत र सञ्जाल निर्माण, पुस्तकालय तथा स्रोत केन्द्रको स्थापनाजस्ता उद्देश्यसमेत बोकेर काम गर्दै आइरहेको छ।

[३] एनपीआईको वेबसाइट http://npiktm.org/NPI_Alumni.php बाट। यो वेबसाइट पछिल्लोपटक २०६७ साउन १३ गते हेरिएको थियो।

तालिमलाई कमै रुचाएपछि अर्को वर्षदेखि अवधि पुनः छोट्ट्याइयो । तीन महिने तालिमबाहेक विराटनगरस्थित स्रोत केन्द्रले पूर्वाञ्चलका विभिन्न ठाउँमा एकएक महिना अवधिका घुम्ती तालिम पनि सञ्चालन गर्ने गर्दछ । यो पनि तीन महिने तालिमकै जस्तो पाठचक्रम हो । अवधि भने दैनिक तीन घण्टा हुन्छ । विराटनगरस्थित स्रोत केन्द्रले २०६७ साउनसम्ममा एक महिने तालिम पाँचओटा दिइसकेको छ ।[४] विराटनगरले २०६६ सालसम्मको अवधिमा १४ ओटा समूहलाई तीन महिने तालिम दिइसकेको छ । यहाँ प्रत्येक समूहमा बढीमा ३० जनासम्म सहभागी हुन्छन् । बुटवलमा पनि प्रशिक्षार्थीहरूले रुचि नदेखाएका कारण पाँच महिने पाठचक्रम लागु हुन सकेन ।[५] प्रशिक्षकको अभाव तथा अन्य व्यावहारिक कठिनाइ देखाएर नेपालगञ्ज केन्द्रले पनि यसलाई लागु गरेन ।[६] यस स्रोत केन्द्रले २०६६ सालसम्ममा १२ ओटा समूहको तालिम पूरा गरेको छ। यहाँ प्रत्येक समूहमा बढीमा २५ जनासम्म सहभागी हुन्छन् । एनपीआईको बुटवलस्थित स्रोत केन्द्रले भने २०६६ सालसम्म जम्मा ६ समूह मात्र पास गरेको छ। यसले आन्तरिक व्यवस्थापन नमिलेर २०६६ सालमा तालिम सञ्चालन गर्न सकेन । यहाँ ३ महिने तालिम लिने समूहमा बढीमा ३० जना प्रशिक्षार्थी राखिन्छ ।

एनपीआईले यस्तो आधारभूत तालिमबाहेक अन्य छोटा अवधिका विषयगत तालिमहरू पनि दिने गरेको छ । यी तालिम आधारभूतजस्तो नियमित र निश्चित योजनाअनुरूप हुने होइनन् । आधारभूत पत्रकारिता लिइसकेका र मिडियामा क्रियाशील जनशक्तिलाई लक्षित गरेर यस्तो तालिम दिइन्छ। ती तालिमको विषयवस्तुको चयन एनपीआईले नै गर्छ । उदाहरणका लागि डेस्कटप पब्लिसिङ, पत्रकारिता परिचयात्मक तालिम, रेडियो कार्यक्रम उत्पादन, प्रोएक्टिभ न्यूज रिपोर्टिङ, समाचार अन्तर्वार्ता, फोटो पत्रकारिता, ग्रामीण पत्रकारिता, फिचर लेखन, विकास तथा खोज पत्रकारिता, आर्थिक तथा व्यवसायसम्बन्धी रिपोर्टिङ, वातावरण पत्रकारिता, द्वन्द्व रिपोर्टिङ, शान्ति पत्रकारिता, संसदीय रिपोर्टिङ आदि थुप्रै विषयमा यस्ता तालिम एनपीआईले सञ्चालन गर्छ । सन् १९९५ देखि २००५ सम्म यस्ता तालिमहरू देशका विभिन्न स्थानमा एनपीआईको मुख्य कार्यालय

---

[४] एनपीआईको विराटनगरस्थित स्रोत केन्द्रका संयोजक वीरेन्द्र शर्मासँग २०६६ असोज २१ मा तथा त्यहींका तालिम विभाग संयोजक यज्ञ शर्मासँग असोज २६ मा गरिएको कुराकानी ।

[५] एनपीआईको बुटवलस्थित स्रोत केन्द्रका तालिम संयोजक हरि लम्सालसँग २०६६ असोज २२ मा गरिएको कुराकानी ।

[६] एनपीआईका तालिम अधिकृत हस्त गुरुङसँग २०६६ असोज २३ मा तथा नेपालगञ्जस्थित एनपीआई स्रोत केन्द्रका कार्यक्रम संयोजक पिताम्बर कट्टेलसँग २०६६ भदौ २६ मा गरिएको कुराकानी ।

तथा यसका क्षेत्रीय स्रोत केन्द्रहरूमार्फत एक वर्षमै पटकपटक सञ्चालन भएका थिए । सन् २००५ पछि भने एनपीआईले छोटा अवधिका एड्भान्स्ड वा विषयगत तालिम निकै न्यून संख्यामा मात्र दिइरहेको छ । यसो हुनुको पछाडि आर्थिक कारण नै जिम्मेवार देखिन्छ । किनभने यस्ता तालिमहरू प्रायःसबै दाताको आर्थिक सहयोगमा सञ्चालन हुने गर्दथे । खास गरी उक्त दस वर्षको अवधिमा एनपीआईलाई यस्ता गतिविधि सञ्चालन गर्न डानिडाको उल्लेख्य सहयोग रहँदै आएको थियो । तर, सन् २००५ यता उक्त सहयोग बन्द छ । यसले विषयगत तथा एड्भान्स्ड तालिम सञ्चालनमा ठूलो असर पुऱ्याएको छ ।

### *मिडिया प्वाइन्ट*

मिडिया प्वाइन्ट नाफामूलक उद्देश्यले व्यक्तिगत लगानीमा २०५३ सालमा स्थापित संस्था हो । श्रीरामसिंह बस्नेत, अर्जुन विष्ट तथा सञ्जय गोर्खालीको लगानीमा खुलेको यो संस्था अहिले काठमाडौंको वनस्थलीमा छ । *कान्तिपुर* दैनिकको आगमनपछि नेपाली पत्रकारिता बहुआयामिक हुन थायो । पञ्चायतविरोधी मिसनमा लागेको पत्रकारिता व्यावसायिक धरातलमा प्रवेश गऱ्यो । त्यस बेलाको तालिमको मागलाई एनपीआईले मात्र धान्न सक्ने अवस्था थिएन । त्यसैले मिडिया प्वाइन्टको आवश्यकता महसुस गरिएको थियो । यसमा एनपीआईकै जस्तो १० महिने आधारभूत पत्रकारिताको पाठचक्रम राखिएको थियो ।[७] प्रशिक्षकहरू पनि सबैजसो एनपीआईमा पढाउने नै हुन्थे, अझै पनि झण्डै यही अवस्था छ । मिडिया प्वाइन्टको मुख्य काम नै पत्रकारिताको तालिम हो । यस संस्थाको उद्देश्यअन्तर्गतको पहिलो बुँदामा “पत्रकारिता क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न विभिन्न किसिमका तालिम दिनु” उल्लेख छ ।[८]

नेपालका विभिन्न क्याम्पस र विश्वविद्यालयमा प्रवीणता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमा पत्रकारिता पढाइ हुने क्रम बढेपछि पछिल्लो समयमा एनपीआई तथा मिडिया प्वाइन्टजस्ता लामो अवधिको तालिम दिने संस्थाप्रतिको आकर्षण घट्दै गएको छ । एकतिर पहिलेजस्तो मिडियामा तुरुन्त जागिरको अवसर नभएको र लामो समय लगाएर तालिम केन्द्रमा पत्रकारिता पढ्नुभन्दा क्याम्पसमै डिग्री हासिल गर्नु उपयुक्त ठानेकाले यसको आकर्षणमा कमी आएको

---

७ मिडिया प्वाइन्टबारे यहाँ उल्लेखित जानकारी यसका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतसँग २०६६ भदौ ७ र असोज २६ मा गरिएको कुराकानीमा आधारित छ ।

८ मिडिया प्वाइन्टको ब्रोसियरमा उल्लिखित जानकारी ।

हुनसक्छ ।[९] स्थापनाकालदेखि २०६१ सालसम्म निरन्तर दस महिने तालिम सञ्चालन गरेको मिडिया प्वाइन्टले २०६२ सालदेखि भने त्यसलाई घटाएर ४ महिनेमा झारेको छ । मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतका अनुसार लामो अवधिका कारण दस महिने तालिममा प्रशिक्षार्थीको संख्या घट्न थालेपछि चार महिने बनाइएको हो ।[१०] जम्मा २५ समूहलाई तालिम दिइसकेको मिडिया प्वाइन्टका हरेक समूहमा १८ देखि २० जनाले तालिम लिने गरेका छन् । २०६६ कात्तिकसम्म यसले करिब ५०० व्यक्तिलाई आधारभूत तालिम दिइसकेको छ । नियमित आधारभूत तालिमका अतिरिक्त यसले विभिन्न संस्थाको आग्रहमा काठमाडौंबाहिर आधा दर्जन जति छोटा अवधिका आधारभूत पत्रकारिता तालिमहरू पनि दिइसकेको छ ।

### *अन्य संस्थाहरू*

२०५५ सालपछि नेपालमा एफएम रेडियो सञ्चालन गर्ने लहर बढ्यो ।[११] यसका लागि जनशक्तिको माग अधिकतम् भइरहेको थियो । भर्खर खुलेका ती एफएम रेडियोमा जागिर र ग्ल्यामर दुवै हुनाले क्याम्पस पढ्दै गरेका युवाहरूलाई यसले निकै लोभ्याएको थियो । त्यसका लागि आफूलाई योग्य बनाउन तालिमको खोजीमा भौंतारिइरहेका जनशक्तिलाई ध्यान दिएर त्यस्ता तालिम केन्द्रहरू खुले । नयाँनयाँ नाउँमा खुलेका यस्ता संस्थाहरूबाहेक पहिल्यैदेखि सञ्चालनमा आइरहेका कम्प्युटर प्रशिक्षण केन्द्र, भाषा प्रशिक्षण केन्द्र तथा टच्युसन पढाउने इन्स्टिच्युटहरूले पनि रेडियो उद्घोषण तालिमका साइनबोर्डहरू झुण्ड्याउन थाले । केही तालिम केन्द्रहरू रेडियोमा क्रियाशील व्यक्तिहरूले पनि खोलेका थिए । आपसी प्रतिस्पर्धाबीच आफूलाई अरूभन्दा अब्बल देखाउन श्रोताहरूबीच लोकप्रिय रेडियो पत्रकार तथा कार्यक्रम सञ्चालकलाई प्रशिक्षकका रूपमा भित्र्याउने होड पनि निकै चलेको थियो ।

प्रशिक्षार्थीले बजारमा रोजगारी पाउन छोडेपछि तथा स्टेसन नै आर्थिक सङ्कटमा रहेका कारण भएका जनशक्तिलाई पनि पारिश्रमिक दिन नसक्ने वा निकाल्ने र आफैंले जागिर छोड्ने क्रम बढेपछि यसप्रति पहिलेजस्तो आकर्षण

---

९ एनपीआईका तालिम संयोजक सोमनाथ लामिछानेसँग २०६६ भदौ ९ तथा मिडिया प्वाइन्टका कार्यकारी निर्देशक श्रीरामसिंह बस्नेतसँग २०६६ असोज २६ मा गरिएको कुराकानी ।

१० बस्नेतसँग २०६६ असोज २६ गरिएको कुराकानी ।

११ नेपालमा स्वतन्त्र रेडियोका क्षेत्रमा भएको पछिल्लो विकास र एफएम रेडियोको एक दसकको समीक्षाबारे विस्तृत जान्नका लागि हुमागाईं, वन्त र भट्ट (२०६५) हेर्नुहोस् ।

रहेन। यसको प्रत्यक्ष असर उद्घोषण तालिम दिने संस्थाहरूमा परेको छ। आर्थिक रूपले टिक्न नसकेर यस्ता संस्थाहरूको संख्या हिजोआज पहिलेको भन्दा निकै नै खुम्चिएको छ। २०५६ सालमा काठमाडौंको जमलमा स्थापना भएको जमलेश्वर इन्स्टिच्युट यस्तै नियति भोगेर २०६१ सालमा बन्द भयो।[१२] नेपालमा एफएम रेडियो स्थापनाको लहर भर्खर चल्न थालेको अवस्थामा उद्घोषण कला तथा प्रसारण पत्रकारितासम्बन्धी तालिम सुरु गरेको यस संस्था रेडियो तालिमको क्षेत्रमा राम्रै नाम चलेको संस्थामा गनिन्छ। यस इन्स्टिच्युटका सञ्चालक तीर्थ भण्डारीले दिएको जानकारी अनुसार करिब ६ वर्षको अवधिमा यहाँ ३० ओटा समूहलाई उद्घोषण कला र प्रसारण पत्रकारितासम्बन्धी तालिम दिइएको थियो, जसमा करिब ५५० जना सहभागी थिए। औसतमा हरेक समूहमा २० जना भर्ना हुने यस संस्थामा प्रशिक्षार्थीको संख्या घटेर ५-६ जना मात्रै हुन थालेपछि आर्थिक रूपले धान्न नसकेर बन्द गरियो।

प्रसारण माध्यमलाई केन्द्रित गरेर लामो समयदेखि अहिलेसम्म तालिम दिंदै आएको अर्को संस्था एकेडेमी अफ अडियो/भिजुअल आर्ट्स एण्ड साइन्स (आभास) हो। गैरनाफामुखी संस्थाको रूपमा यसले २०५५ साल (सन् १९९८) देखि निरन्तर तालिम दिंदै आएको छ। सुरु सुरुमा रेडियोको उद्घोषण तथा कार्यक्रम उत्पादन, रिपोर्टिङबारे समेत तालिम दिने यस संस्थाले पछिल्लो समय खास गरी २०६१ पछि आफ्ना तालिमलाई प्राविधिक पक्षमा नै सीमित गरेको छ। अहिले भिडियो क्यामेरा सञ्चालन, रेडियो प्रविधि, दृश्य सम्पादनसम्बन्धी तालिममा यसले आफूलाई विशेष केन्द्रित गराएको छ। प्रविधिबाहेक कहिलेकाहीं टेलिभिजन कार्यक्रम उत्पादनबारे पनि यसले तालिम सञ्चालन गरिरहेको छ। यद्यपि यस्तो तालिम त्यति चल्न सकेको छैन। यसको सुरुको पहिचान रेडियोको उद्घोषण र कार्यक्रम उत्पादनसम्बन्धी तालिम दिने संस्थाका रूपमा स्थापित थियो। तर, अचेल यसले यस्ता तालिम दिन छोडिसकेको छ। आभासका तालिम संयोजक गजेन्द्र पौडेलले दाबी गरेअनुसार यो संस्थासँग प्रविधिसम्बन्धी तालिमका लागि

[१२] रेडियो नेपालका पूर्व पत्रकार तथा जमलेश्वर इन्स्टिच्युटका सञ्चालक तीर्थ भण्डारीसँग २०६६ भदौ १० मा गरिएको कुराकानी। भण्डारीले आफ्नो संस्था र अन्य धेरै संस्थाहरू बन्द हुनुमा तत्कालीन राजा ज्ञानेन्द्रले चालेको २०६१ माघ १९ को कदमलाई पनि कारण बताएका छन्। राजाको उक्त कदमपछि रेडियोमा समाचार तथा सूचनामूलक कार्यक्रम बन्द भएका थिए भने धेरै रेडियोकर्मीले जागिरबाट हात धुनु परेको थियो (हेर्नुहोस् ढुङ्गेल २०६४)। त्यसको असर यस्ता तालिम इन्स्टिच्युटमा पनि परेको भण्डारीको भनाइ छ।

आवश्यक जे जति भौतिक सामग्री छन्, ती अरूसँग छैनन् । त्यसैले काठमाडौंमा श्रव्य र दृश्यसम्बन्धी प्राविधिक तालिम दिने यस्तै संस्था अरू छैनन् ।[१३]

काठमाडौंबाहिर पनि मिडिया प्रविधिसम्बन्धी तालिम दिने अन्य संस्थाहरूको उपस्थिति ज्यादै कम देखिएको छ । नेपालगञ्जको उदाहरण हेरौं- यहाँ रेडियो नेपालका पूर्व कर्मचारी कमल वि.के. निर्मोहीको लगानीमा विशेष गरी गीत रेकर्डिङका लागि खोलिएको वेभ डिजिटल रेकर्डिङ स्टुडियोले आधारभूत रेडियो प्राविधिक तालिम पनि चलाउँदै आएको छ । २०६४ सालदेखि यस्तो तालिम सञ्चालन गरेको यस संस्थाले तीनओटा समूहलाई तालिम दिइसकेको छ । प्रत्येक समूहमा ११-१२ जनाका दरले करिब ३५ जनाले तालिम लिइसकेका छन् ।[१४]

एफएम रेडियोजस्तै टेलिभिजन च्यानलको पनि विस्तार हुन थालेपछि आफ्नो पाठ्यक्रममा टेलिभिजन पत्रकारिता र उद्घोषणसमेत थपेर केही संस्थाहरूले तालिम चलाइरहेका छन् । उदाहरणका रूपमा काठमाडौं बागबजारमा सञ्चालित अन एयर मिडिया, विकल्प द अप्सन तथा मिडियाज कलेक्सनजस्ता संस्थालाई लिन सकिन्छ । यी तीनैओटा संस्था २०६१/६२ सालपछि नै खुलेका हुन् । यिनीहरूको प्रमुख उद्देश्य रेडियो तथा टेलिभिजनसम्बन्धी उद्घोषण वा पत्रकारिताको तालिम दिनु हो । तर यिनले स्टेज कार्यक्रम सञ्चालन, वक्तृत्व कलाको विकास, मार्केटिङ, प्रविधि आदि तालिमहरू पनि दिइरहेका छन् ।[१५] २०६३ सालमा खुलेको विकल्प द अप्सनका निर्देशक मुनाल शिशिरले बताएअनुसार यसले विभिन्न विषयमा गरी ३५ ओटा समूहहरूलाई तालिम दिइसकेको छ । यसले दिने तालिममा हरेक समूहमा औसत १० जना प्रशिक्षार्थी हुन्छन् ।[१६] त्यस्तै, २०६५ सालदेखि मात्र सञ्चालनमा आएको अन एयर मिडिया प्रा.लि. ले २०६६ असोजसम्ममा १२० भन्दा बढीलाई विभिन्न विषयअन्तर्गत तालिम दिइसकेको छ ।[१७]

केही संस्थाबाहेक प्रायः यस्ता संस्थाहरू कहाँ कसरी सञ्चालन हुँदै छन् भन्नेबारे न त कतै दर्ता हुन्छ न कुनै अनुगमन नै । बन्द भइसकेका संस्थाहरू

---

[१३] पौडेलसँग २०६६ भदौ ३ मा गरिएको कुराकानी र आभासले उपलब्ध गराएको ब्रोसियरमा आधारित ।

[१४] निर्मोहीसँग २०६६ भदौ ५ मा गरिएको कुराकानी ।

[१५] तीनओटै संस्थाको ब्रोसियर र पर्चाअनुसार ।

[१६] मुनाल शिशिरसँग २०६६ भदौ १४ मा गरिएको कुराकानी । शिशिरको भनाइअनुसार ३५० जति प्रशिक्षार्थी यहाँबाट तालिम प्राप्त हुनु पर्ने हो तर उनीहरूको रेकर्ड फाइल पल्टाउँदा ११८ जनाले मात्र तालिम लिएको देखिएको थियो ।

[१७] अन एयर मिडिया प्रा.लि.का रेडियो कार्यक्रम संयोजक भगीरथकुमार पोखरेलसँग २०६६ भदौ ५ मा गरिएको कुराकानी ।

मात्र होइन, सञ्चालनमा रहेका संस्थाबारे पनि यकिन तथ्याङ्क भन्न सकिँदैन । काठमाडौंमा उद्घोषण तालिम दिने निजी इस्टिच्युट भेटिए पनि अनुसन्धानको क्रममा उपत्यकाबाहिर भ्रमण गर्दा प्रमुख सहरहरू विराटनगर, धरान, पोखरा, बुटवल, नेपालगञ्ज तथा धनगढीमा यस्ता संस्थाहरूको उपस्थिति खासै उल्लेखनीय देखिएन । यद्यपि हरेक ठाउँमा एफएम रेडियोहरूले र कतैकतै स्थानीय क्लब वा गैरसरकारी संस्थाले बेलाबेलामा यस्ता तालिमहरू चलाएको पाइयो ।

चाहे निजी लगानीमा खुलेका हुन् वा गैरनाफामुखी उद्देश्यका संस्था, ती काठमाडौंमा नै थुप्रिएका छन् । अध्ययनका क्रममा यसरी तालिमलाई नै मूल उद्देश्य बनाएका एनपीआईका क्षेत्रीय सञ्चार स्रोत केन्द्रबाहेक बाहिर अन्य संस्थाहरू त्यति भेटिएनन् । एनपीआईको क्षेत्रीय कार्यालय स्थापना हुनुभन्दा अगाडि बुटवलमा तीन महिने[१८] आधारभूत पत्रकारिता तालिम दिने उद्दश्यले प्रेस एकेडेमी बुटवल भन्ने संस्था खुलेको थियो । २०५७ सालमा खुलेको यो संस्थाले २०६० सालसम्ममा ४ ओटा समूहलाई आधारभूत तालिम दिइसकेको थियो । एक समूहमा २० जनाजति सहभागी हुन्थे । स्थानीय क्षेत्रका पत्रकारहरू ऋषिराम भुषाल, डिआर घिमिरे, माधव नेपाल र अर्जुन ज्ञवाली मिलेर खोलेको यो संस्था एनपीआईको क्षेत्रीय शाखा खुलेपछि विस्थापित हुन पुग्यो ।[१९] रेडियो उद्घोषणसम्बन्धी तालिम दिन विभिन्न संस्थाहरू बेलाबेलामा जन्मिने र एक दुई वर्ष चलेर बन्द हुने क्रम त काठमाडौंबाहिर पनि विद्यमान छ ।

काठमाडौंबाहिरका तीन सहरमा नेपाल प्रेस इन्स्टिच्युटको क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले सञ्चालन गर्ने नियमित आधारभूत तालिमका कारण काठमाडौंबाहिरका व्यक्तिहरूका लागि केही राहत भएको छ । सम्बन्धित जिल्लामा बसेका तथा बाहिरी जिल्लाबाट क्षेत्रीय सदरमुकाममा बसेर अध्ययन वा अन्य पेसा, व्यवसाय गरिरहेका व्यक्तिहरू त्यस्ता ठाउँमा उपलब्ध तालिम लिएर केही लाभान्वित भएका छन् । सदरमुकामबाहिर बसिरहेका व्यक्तिका लागि भने ती तालिम केन्द्रमा आएर तालिम लिन अझ पनि कठिन नै छ । सुदूरपश्चिम विकास क्षेत्रमा त नियमित तालिम चलाउने त्यस्तो कुनै संस्थाको उपस्थिति नै छैन । तसर्थ सीमित क्षेत्रबाहेकका व्यक्तिका लागि स्तरीय एवं नियमित आधारभूत

---

[१८] तीन महिने तालिम भनिए पनि यस संस्थाले एक महिना कक्षामा राखेर सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिन्थ्यो भने बाँकी दुई महिना प्रशिक्षार्थीलाई सञ्चार गृहमा इन्टर्नसिपका लागि पठाउँथ्यो ।

[१९] तत्कालीन सञ्चालक तथा हाल *मेचीकाली* दैनिकका सम्पादक डिआर घिमिरेसँग २०६६ असोज २१ मा गरिएको कुराकानी ।

तालिम दिने भरपर्दो संस्थाको खाँचो नै छ । अन्यथा, अवसर छोप्ने हिसाबले नाम मात्रका तालिम सञ्चालन गर्ने संस्थाहरू भने देशभर खुल्ने र बन्द हुने क्रम चली नै रहेको छ ।

## मुख्य उद्देश्य तालिम नभए पनि तालिम दिइरहेका संस्था

मुख्य उद्देश्य तालिम नभएका संस्थाहरूले पनि मिडियाबारे तालिम दिएको पाइन्छ । तीमध्ये केही मिडियासम्बन्धित छन् । विभिन्न मुद्दाहरू बोकेर जनचेतनामूलक वा वकालत गर्ने उद्देश्य भएका संस्थाहरूले खास परियोजनाका रूपमा तथा आफ्ना सदस्य वा जनशक्तिलाई आवश्यक परेका बेलामा मिडियाबारे तालिम सञ्चालन गर्दछन् । यी सबै खाले संस्थालाई यिनको उद्देश्य र तालिमको प्रकृतिका आधारमा विभिन्न तीन वर्गमा बाँडेर चर्चा गर्न सकिन्छ :

### *सञ्चार गृह*

सञ्चारसम्बन्धी तालिमको खाँचो सबैभन्दा बढी सञ्चार गृह र त्यहाँ काम गर्ने जनशक्तिलाई नै हुन्छ । तर आफ्ना जनशक्तिको क्षमता अभिवृद्धि गर्ने हिसाबले आन्तरिक (इनहाउस) तालिम दिने प्रचलन नेपालका सञ्चार गृहमा एकदम सीमित मात्र छ । व्यवस्थित र नियमित ढङ्गले आफ्ना जनशक्तिको आवश्यकता पहिचान गरी बाहिरबाट प्रशिक्षक बोलाएर दिने गरेको उदाहरण त झनै पाइँदैन । ठूला लगानीमा सञ्चालित सञ्चार प्रतिष्ठानमा समेत यस्तो व्यवस्थित ढङ्गले अभ्यास भएको छैन । त्यहाँ काम गर्ने जनशक्ति कि त त्यहीं भित्रका आफ्ना वरिष्ठ सहकर्मीको काम हेरेर वा सोधेर सिक्ने गर्दछन् कि बाहिर अन्य संस्थाले दिएका तालिमको मौका कुरेर बस्न बाध्य हुन्छन् । संस्थाबाहिर त्यस्ता तालिम भइरहेका त हुन्छन् तर ती आफ्नो आवश्यकता अनुरूपकै हुन् र तिनमा आफूले मौका पाइन्छ भन्ने निश्चित हुँदैन ।

सञ्चार प्रतिष्ठानमा काम गर्ने विभिन्न व्यक्तिहरूसँग कुराकानी गर्दा धेरैले आन्तरिक तालिमको व्यवस्था नभएको बताए । सरकारी हुन् वा निजी मिडिया, धेरैजसोले योजनाबद्ध ढङ्गले आन्तरिक तालिम सञ्चालन नै गरेको पाइएन । केही निजी सञ्चार गृहले एकदेखि चार दिनसम्मको परिचयात्मक तालिमहरू दिएको पाइयो । यस्ता तालिममा संस्थाको प्रकृति र जिम्मेवारी बताउनुका साथै पत्रकारितामा देखिएको नयाँनयाँ अभ्यासबारे जानकारी दिइन्छ ।

सरकारी स्वामित्वको गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन र राष्ट्रिय समाचार समिति (रासस) मा बुझ्दा यी कुनै पनि संस्थाहरूमा नियमित रूपमा

आन्तरिक तालिम सञ्चालन गरेको पाइएन ।[२०] परिवर्तित परिस्थितिमा कर्मचारीहरूबाट अलि बढी नै तालिमको माग हुँदा त्यससँग परिचित गराउनका लागि कहिलेकाहीं दुईतीन दिनको तालिम भने दिइन्छ । त्यस्तो तालिम पत्रकारितातर्फ भन्दा पनि बढीजसो प्रविधिमा नै भएको छ । जस्तै, २०६७ सालको सुरुआतदेखि राससले अडियो सामग्रीको सेवा पनि थप गरेपछि आफ्ना संवाददाताहरूलाई अडियो सामग्रीलाई सम्पादन गर्ने कुल एडिटिङसम्बन्धी तालिम दियो । त्यस्तै, केही वर्षअगाडि राससले नै डिजिटल क्यामेरालगायत फ्याक्स चलाउने तालिम पनि संवाददाताहरूलाई दिएको थियो । गोरखापत्र संस्थानले आफ्ना प्राविधिज्ञहरूलाई लेआउट डिजाइन (पत्रिकाको साजसज्जा) मा कुनै नयाँ प्रविधि आउँदा त्यससम्बन्धी तालिम दिएको थियो । *गोरखापत्र* दैनिकले समावेशी पेज सुरु गर्नुअगाडि भर्ना गरेका विभिन्न भाषाभाषीका पत्रकारहरूलाई एक हप्ताको आधारभूत पत्रकारिता तालिम दिएको थियो । विभिन्न भाषामा पकड भए पनि पत्रकारिताको ज्ञान नभएका ती जनशक्तिका लागि यो तालिम लक्षित थियो । गोरखापत्र संस्थान र राससको तुलनामा नेपाल टेलिभिजनले अलि बढी आन्तरिक तालिम दिएको पाइन्छ । यसले पत्रकारिता तथा प्राविधिक गरी वर्षमा दुईतीनओटा तालिमहरू दिइरहेको छ । त्यसअनुसार संवाददाताहरूका लागि आवश्यकता हेरी आधारभूत पत्रकारिताको तालिमका अतिरिक्त विषयगत रिपोर्टिङ (जस्तै, संविधानसभाको गठन भएपश्चात् संविधानसभासम्बन्धी रिपोर्टिङ) बारे तालिम दिने गरेको छ । कार्यक्रम निर्माताहरूलाई कार्यक्रम निर्माणसम्बन्धी तथा प्राविधिकज्ञलाई नयाँ नयाँ प्रविधिबारे तालिम दिने गरेको छ । जस्तै, यसले स्टुडियो प्रोडक्सन तथा दृश्य सम्पादनसम्बन्धी तालिमहरू बेलाबेलामा सञ्चालन गर्दै आएको छ । साथै विभिन्न विधागत कार्यक्रमहरूजस्तो कृषि, बाल कार्यक्रम निर्माता टोलीका जनशक्तिलाई कार्यक्रम उत्पादनसम्बन्धी तालिम पनि दिने गरेको छ ।

सरकारी सञ्चार गृहमा आन्तरिक तालिम पहिल्यै संस्थागत योजना बनाएर नियमित रूपमा दिनेभन्दा पनि संस्थाका प्रमुखको व्यक्तिगत निर्णयका आधारमा दिइने गरिएको छ । त्यो पनि नवप्रवेशी संवाददाताहरूका लागि परिचयात्मक तथा प्राविधिक मात्र । माथिल्लो तहमा कार्यरत व्यक्तिका लागि एड्भान्स्ड तहको तालिम पाउन अन्य बाहिरी संस्थाको निम्तो कुर्नुपर्ने बाध्यता छ ।

---

[२०] सरकारी संस्थामा भएको आन्तरिक तालिमबारे जानकारी लिने क्रममा *गोरखापत्र* दैनिककी कार्यकारी सम्पादक हरिकला अधिकारीसँग २०६७ असार १६, राससका तालिम संयोजक सोमनाथ लामिछानेसँग २०६७ असार १५, रेडियो नेपालका तालिम शाखा प्रमुख शिवराज बरालसँग २०६७ असार १७ तथा नेपाल टेलिभिजनकी प्रमुख कार्यक्रम निर्माता दीपा गौतमसँग २०६६ पुस दोस्रो हप्तामा कुराकानी गरिएको थियो ।

निजी सञ्चार गृहले पनि आन्तरिक तालिमलाई उति प्राथमिकता दिएका छैनन् । कान्तिपुर पब्लिकेशन्स्ले आफ्नो वार्षिक उत्सवको अवसर पारेर सम्पादक, जिल्ला वा क्षेत्रीय ब्युरो प्रमुखहरू र प्रमुख संवाददातालाई केन्द्र वा क्षेत्रीय स्तरमा भेला गराउँछ । यस्तो भेलामा विगतको कामको समीक्षा गर्नुका साथै पत्रकारहरूले आफ्ना अनुभव साटासाट गर्दछन् । पत्रकारिताका क्षेत्रमा भइरहेका नयाँनयाँ अभ्यासबारे जानकारी गराउन सामान्य किसिमको प्रशिक्षण कार्यक्रम पनि त्यस्तो अवसरमा समावेश गरिन्छ ।[२१] त्यसबाहेक जनशक्तिको आवश्यकता हेरेर यसले तालिम आयोजना गर्ने गरेको छैन । नेपालगञ्जस्थित कान्तिपुर टेलिभिजन संवाददाता सिर्जना आचार्य कान्तिपुर टेलिभिजनमा आन्तरिक तालिमको कुनै व्यवस्था नभएको बताउँछिन् । आफूले गरेको काममा कुनै कमी कमजोरी देखिएमा केन्द्रका सम्पादकले कहिलेकाहीं सुझाव दिने गरेको अनुभव उनीसँग छ । तर, रिपोर्टिङको सिलसिलामा भिडियो क्यामेरा चलाउने जिम्मा आफ्नै भएको र यससम्बन्धी तालिमको लागि धेरै अनुरोध गर्दा कुनै सुनुवाइ नभएको आचार्यको गुनासो छ ।[२२] कान्तिपुर एफएममा चाहिं वर्षको एकपटक आन्तरिक तालिम दिइन्छ । खास गरी रेडियो पत्रकारिता वा समाचार सम्प्रेषणमा नयाँपन कसरी ल्याउन सकिन्छ वा नयाँ विषयवस्तु केके हुन सक्छन् भन्नेबारे सिकाउन त्यस्तो तालिम आयोजना गरिएको हो । कान्तिपुर एफएमका समाचार प्रमुख प्रवीण अधिकारीका अनुसार ३-४ दिनको यस्तो तालिममा स्टेसन बाहिरका स्रोतव्यक्ति पनि ल्याइन्छ ।[२३] एभिन्यूज टेलिभिजनले आफ्ना नयाँ भर्ना भएका जनशक्तिलाई लक्षित गरेर रिपोर्टिङ कसरी गर्ने, क्यामेरा अगाडि कसरी प्रस्तुत हुने तथा क्यामेरा कसरी चलाउने भन्नेसम्बन्धी एकदेखि दुई हप्ताको सामान्य किसिमको तालिम दिने गरेको छ ।[२४]

कुनैकुनै मिडिया हाउसले पत्रकार वा कर्मचारीहरूको नियमित भेला वा बैठक डाकेर विगतका कमी कमजोरी औंल्याउने, सुधारका उपाय बताउने, एकअर्काले जानेका कुराहरू आपसमा बाँड्ने, संस्थामा भएका नीतिगत परिवर्तनबारे जानकारी दिने आदि क्रियाकलापसहितको परिचयात्मक कार्यक्रम गर्छन् । उज्यालो एफएमले आफ्ना जनशक्तिको काम हेरेर उनीहरूको आवश्यकता पत्ता लगाउँछ र त्यसका

---

[२१] धनगढीका कान्तिपुर संवाददाता मोहन बुढाऐरसँग २०६६ असोज १ मा गरिएको कुराकानी ।

[२२] आचार्यसँग २०६६ भदौ २२ मा गरिएको कुराकानी ।

[२३] अधिकारीसँग २०६६ पुस ६ मा गरिएको कुराकानी ।

[२४] एभिन्यूज टेलिभिजनकी नेपालगञ्ज संवाददाता स्मृति गिरीसँग २०६६ असोज २२ मा गरिएको कुराकानी । उनले २०६४ सालमा यस टेलिभिजनमा प्रवेश गर्दा दुई हप्ताको भिजुअल मिडिया तालिम काठमाडौंमा लिन पाएकी थिइन् ।

आधारमा कहिलेकाहीं यस्ता भेला आयोजना गर्छ । भेलामा सहकर्मीहरूको कमजोरी औंल्याउनुका साथै उनीहरूलाई आवश्यक नयाँनयाँ विषय र प्रवृत्तिबारे प्रशिक्षित पनि गर्दछ । आवश्यकता हेरी बाहिरका विज्ञहरूलाई पनि स्रोतव्यक्तिका रूपमा निम्त्याइने गरिन्छ । साथै, कुनै नयाँ विषयवस्तुमा आधारित कार्यक्रम (प्रायः दाताबाट सहयोग प्राप्त) सुरु गर्नुअगाडि त्यसमा संलग्न जनशक्तिलाई उक्त विषयबारे जानकार गराउन २-३ दिनसम्मको परिचयात्मक तालिम पनि दिने गरिन्छ ।[२५]

विभिन्न पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा जानकारी लिंदा अधिकांश सञ्चार गृहमा आन्तरिक तालिमका नाउँमा यत्तिको अवस्था भएको पनि पाइएन । बरु एफएम रेडियोहरूले जनशक्ति भर्ना गर्ने बेलामा खुल्ला आह्वान गर्दै तालिम दिने प्रवृत्ति चाहिं देशव्यापी पाइयो । तालिममा उत्कृष्ट भएकालाई रोजगारी पनि दिने भन्दै चर्को शुल्क लिई धेरै जनालाई एउटै समूहमा सहभागी गराएर तालिम दिने; तीमध्ये २-४ जनालाई जागिर दिएजस्तो गर्ने र अर्थोपार्जन गर्ने रणनीति काठमाडौंबाहिर खुलिरहेका रेडियो स्टेसनले अपनाएका छन् ।[२६]

### *कार्यक्रम उत्पादन गृह*

रेडियो कार्यक्रम उत्पादन गृहहरूले दिने तालिमको उदाहरणका रूपमा कम्युनिकेसन कर्नर, इक्वेल एक्सेस र एन्टेना फाउण्डेसन नेपालको अभ्यासलाई लिन सकिन्छ । यी तीनओटै संस्थाको मुख्य उद्देश्य र गतिविधि जनचेतना तथा विकासमूलक कार्यक्रम उत्पादन गर्नु हो । यद्यपि तालिमलाई पनि यिनीहरूले प्राथमिकतामा पारेका छन् । कम्युनिकेसन कर्नरले आफ्नो स्थापनाको सुरुआती वर्षहरूमा (२०५५/५६ सालतिर) आफ्नै आयोजनामा १/१ महिनाका तीनओटा रेडियो कार्यक्रम उत्पादनसम्बन्धी तालिम दिएको थियो । 'सामुदायिक प्रसारण तालिम' भनेर अडियो टावर सञ्चालनसम्बन्धी दुईओटा तालिम पनि कम्युनिकेसन कर्नरले दियो । यी तालिमहरूमध्ये रेडियो कार्यक्रम उत्पादनसम्बन्धी तालिम सशुल्क दिइएको थियो भने अडियो टावर सञ्चालनसम्बन्धी तालिम चाहिं परियोजनामा आधारित तालिम थियो, निःशुल्क थियो । त्यसपछि कार्यक्रम उत्पादन तथा रेडियो (उज्यालो ९० नेटवर्क) को सञ्चालनमा ध्यान केन्द्रित गरेको यस संस्थाले लामो

---

[२५] उज्यालो एफएमका सञ्चालकहरू गोपाल गुरागाईं र मण्टेश्वरी राजभण्डारीसँग क्रमशः २०६६ असोज २५ र असोज २९ मा गरिएको कुराकानी ।

[२६] यसबारे थप जानकारी अध्याय ४ मा दिइएको छ ।

समयसम्म कुनै तालिम दिएको छैन । यद्यपि दातृ सहयोगमा उत्पादित कुनै नयाँ विषयवस्तुको कार्यक्रम हुँदा कार्यक्रम उत्पादकहरूलाई सम्बन्धित मुद्दाबारे जानकारी दिन कहिलेकाहीं तालिमहरू सञ्चालन गरेको छ । जस्तै यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) नेपालले सहयोग गरेको मानवअधिकारबारेको *आलोपालो* रेडियो कार्यक्रम । कर्नरकै आयोजनामा यस कार्यक्रममा सहकार्य गर्ने केही रेडियो स्टेसनका कार्यक्रम उत्पादकहरूलाई तालिम दिइएको थियो । सो तालिममा मानवअधिकारका विविध मुद्दाका साथै कार्यक्रम उत्पादनलाई समेटिएको थियो ।[२७]

इक्वेल एक्सेस र एन्टेना फाउण्डेसनले विगतमा दिएका तालिमहरू प्राय: सबै परियोजनामा आधारित छन् । यिनले दातृसंस्थासँग निश्चित विषयको कार्यक्रम उत्पादनका लागि सहयोग जुटाउँदा त्यस विषयमा तालिम दिने उद्देश्य पनि जोडेका हुन्छन् । अनि सम्बन्धित कार्यक्रममा संलग्न हुने जनशक्तिलाई विषयवस्तु तथा त्यसको ढाँचाबारे जानकारी दिन बढीमा पाँच दिनसम्मको तालिम दिने गरिन्छ ।

व्यवहार परिवर्तनमुखी सञ्चार (बिहेभियर चेन्ज कम्युनिकेसन) को अवधारणाअन्तर्गत इक्वेल एक्सेसले चेतनामूलक रेडियो कार्यक्रम उत्पादन गर्दै आएको छ । आफ्ना विभिन्न कार्यक्रमको अवधारणासँग मिल्ने गरी देशका विभिन्न जिल्लामा सञ्चालित गैरसरकारी संस्थासँग सहकार्य गरेर यसले कार्यक्रम उत्पादन गर्दछ । ती संस्थाबाट आवश्यकताअनुसार एक वा दुईजना कर्मचारी छानेर यसले आफ्ना कार्यक्रमपिच्छे सामुदायिक संवाददाताहरू नियुक्त गर्दछ । इक्वेल एक्सेसका तालिमहरू प्राय: गरी तिनै संवाददाता तथा त्यस कार्यक्रममा संलग्न हुने आफ्नो उत्पादन गृहका जनशक्तिलाई लक्षित गरिएको हुन्छ । यसले हाल सञ्चालन गरिरहेकामध्ये एउटा कार्यक्रम *नयाँ नेपाल*का स्थानीय संस्करणहरूमा विभिन्न रेडियोले सहकार्य गरेकाले त्यसमा आबद्ध रेडियो उत्पादकलाई तालिम दिएको थियो । त्यसै गरी युनिसेफको आर्थिक सहयोगमा देशका विभिन्न ६० ओटा एफएम रेडियोमा कार्यरत १२० जना पत्रकारहरूलाई युवासम्बन्धी कार्यक्रम सञ्चालन गर्नेबारे तालिम पनि दिएको थियो । नौ दिनको यस तालिम पाँच ठाउँमा आयोजना गरिएको थियो । यी दुई तालिमका अतिरिक्त यसले रेडियोमा काम गर्ने व्यक्तिलाई लक्षित गरेर तालिम दिंदैन ।[२८]

---

[२७] कर्नरका गोपाल गुरागाईंसँग २०६६ असोज २५ तथा मन्टेश्वरी राजभण्डारीसँग असोज २९ मा गरिएको कुराकानी ।

[२८] इक्वेल एक्सेस नेपालका अध्यक्ष उपेन्द्र अर्याल तथा त्यहाँका एफएम नेटवर्किङ तथा तालिम व्यवस्थापन अधिकृत विनायक अर्यालसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

एन्टेना फाउण्डेसनले सन् २००९ अघिसम्म दिने तालिमहरू परियोजनामा आधारित मात्र हुन्थे। यसले कार्यक्रम उत्पादनमा रेडियो स्टेसनसँग प्रत्यक्ष सहकार्य गर्थ्यो र तालिमहरूमा स्टेसनबाट कार्यक्रम उत्पादनमा सहभागी हुने व्यक्तिलाई तालिम दिन्थ्यो। सुरुमा सन् २००२ तिर द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनामा केन्द्रित *छिनोफानो, सोधीखोजी*जस्ता कार्यक्रमहरू उत्पादन गर्दा यसै विषयमा तालिम सञ्चालन गरेको थियो। पछि पनि विभिन्न कार्यक्रम उत्पादन गर्ने सिलसिलामा यस्ता तालिम दिएको छ। सन् २००९ देखि भने एन्टेनाले आफूलाई तालिम दिने व्यावसायिक संस्थाको रूपमा पनि स्थापित गर्ने उद्देश्य लिएको छ। त्यसैले यसले सानेपास्थित आफ्नो कार्यालय परिसरमा ठूलो लगानीमा सुविधासम्पन्न तालिम कक्ष निर्माण गरेको छ।[२९] यसले रेडियोमा काम गर्ने जनशक्तिलाई लक्षित गरी रेडियो प्रविधि, रेडियो व्यवस्थापन, कार्यक्रम उत्पादन, फिचर उत्पादन र रेडियो मार्केटिङबारे तालिम आयोजना गर्छ। सन् २००९ भरिमा यसले सबै किसिमका गरेर जम्मा सातओटा तालिम आयोजना गरिसकेको छ।[३०]

## *मिडियासम्बन्धी काम गर्न खुलेका गैसस तथा पेसागत सङ्घसङ्गठनहरू*

*लैङ्गिक तथा जातीय मुद्दामा काम गर्ने मिडिया संस्थाहरू*

यस समूहअन्तर्गत राख्न सकिने पहिलो प्रकृतिका संस्थाहरूमा विशेष मुद्दामा निश्चित समूह वा वर्गका पत्रकारलाई लक्षित गरेर खुलेका संस्थाहरू छन्। उदाहरणका लागि सञ्चारकर्मी महिलाहरूको हकहित र क्षमता अभिवृद्धिका लागि काम गर्न खुलेका सञ्चारिका समूह, अस्मिता महिला प्रकाशन गृह, क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे), महिला सञ्चार समूह (बाँके) आदिले महिलाहरूलाई र कहिलेकाहीं पुरुषहरूलाई पनि महिलाका मुद्दामा प्रशिक्षित गर्न तालिमको आयोजना गरेका छन्। यी संस्थाहरूमध्ये सञ्चारिका समूहले स्थापनाकालदेखि नै पत्रकारिताको तालिममा महत्त्वपूर्ण भूमिका खेलेको छ। यसले सन् २००० देखि नै तालिमहरू दिन थालेको हो। सुरुतिर मिडियामा नआएका महिलाहरूका लागि आधारभूत तालिमसमेत दिने गरेको यस संस्थाले पछिल्लो समयमा महिला पत्रकारहरूलाई मात्र लक्षित गर्दै फिचर लेखनसम्बन्धी तालिम दिने गरेको छ। विभिन्न दातृ निकायको सहयोगमा परियोजनामुखी

---

[२९] एन्टेना फाउण्डेसनका निर्देशक मधु आचार्यसँग २०६६ असोज २८ मा गरिएको कुराकानी।

[३०] एन्टेना फाउण्डेसनले उपलब्ध गराएको अभिलेखमा आधारित।

कार्यक्रम चलाउने यस संस्थाले हरेक तालिममा देशभरका क्रियाशील पत्रकार महिलाहरूलाई छनोट गरी पाँचै विकास क्षेत्रमा विभिन्न चरणमा आयोजना गर्ने गरेको छ।[३१] पाँचओटै विकास क्षेत्रमा सञ्चारिकाको क्षेत्रीय शाखाहरू पनि छन्। यिनले पनि कहिले केन्द्रसँगको संयोजन तथा कहिले आफ्नै पहलमा आधारभूत, फिचर लेखन तथा विषयगत तालिमहरू आयोजना गरेका छन्। अध्ययनका क्रममा नेपालगञ्ज पुग्दा मध्यपश्चिमाञ्चल शाखाले विभिन्न तालिमहरू दिएको पाइयो। यद्यपि स्रोतको अभाव र पदाधिकारीहरूको निजी कामको व्यस्तताले २०६५ साल यता भने त्यस्तो कार्यक्रम हुन सकेको छैन। अन्य क्षेत्रीय शाखाले पनि केन्द्रले आयोजना गरेको तालिमको संयोजन गर्नेबाहेक आफूले तालिम आयोजना गरेको देखिंदैन।

नेपालगञ्जमा २०६० पुसमा स्थापित महिला सञ्चार समूह पनि सञ्चारिका समूह जस्तै उद्देश्यले खुलेको संस्था हो। यसले एक हप्तादेखि तीन महिनासम्मका आधारभूत पत्रकारिता तालिम तथा एक वा दुई हप्ताका फिचर लेखन तालिम दिन्छ। यस संस्थाले प्रायः दाताहरूबाट स्रोत जुटाएर तालिम दिने गर्दछ। यद्यपि दातृ सहयोग नजुटेको अवस्थामा पनि केही तालिम सञ्चालन गरेको छ। स्थानीय पत्रकार महिलाहरूको मागलाई ध्यान दिएर यस्तो तालिम आयोजना गरिएको हो र यस्तो अवस्थामा सहभागीहरूबाट शुल्क लिएर तालिम खर्च धानिन्छ।[३२]

सन् १९८८ (२०४५ साल) मा स्थापना भएको अस्मिताको धेरैजसो काम अनुसन्धान र प्रकाशन तथा वकालतसम्बन्धी हुने गरेको छ। त्यसैले यसले मिडियासम्बन्धी तालिममा आफूलाई केन्द्रित गरेको छैन। सन् १९९८ मा पाल्पा, सन् १९९९ मा इलाम र सन् २००० मा सुर्खेतमा गरी यसले जम्मा तीनओटा मात्र तालिम सञ्चालन गरेको थियो। यसका तालिममा पत्रकारिता सिकाउनेभन्दा पनि महिला हक अधिकार तथा अन्य लैङ्गिक मुद्दाहरूबारे क्रियाशील पत्रकार तथा पत्रकारितामा चासो राख्ने अन्य व्यक्तिलाई दिने गरिएको छ। २०६३ सालमा गठन भएको क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) ले पनि आफ्ना सदस्य पत्रकार महिलाहरूलाई २०६६ पुससम्ममा चारओटा तालिमहरू दिइसकेको छ। यीमध्ये २०६३-६४ सालमा ब्लग लेखनसम्बन्धी दुईओटा, २०६५-६६ सालमा एक दिने फोटोग्राफी तथा दुई दिनको क्रियटिभ राइटिङसम्बन्धी तालिम थिए। यसबाहेक द्वन्द्वपछि महिलाको अवस्थाबारे पत्रकार महिलाहरूलाई जानकार

---

[३१] सञ्चारिका समूहकी उपाध्यक्ष निर्मला शर्मासँग २०६६ कात्तिक ६ मा गरिएको कुराकानी।

[३२] महिला सञ्चार समूहकी अध्यक्ष अछरी पोखरेलसँग २०६६ भदौ २० मा गरिएको कुराकानी।

बनाउन २०६५ साल (सन् २००८) तिर रोल्पाका विभिन्न गाउँको, तथा महिला हिंसा, वादी, कमैया महिलाको अवस्थाबारे बुझाउन २०६४ साल (सन् २००७) मा कैलाली र कञ्चनपुर क्षेत्रको स्थलगत भ्रमण पनि यसले गराएको छ।[३३] यी भ्रमणलाई पनि एक किसिमको प्रशिक्षण अभियानकै रूपमा लिन सकिन्छ। यसको उद्देश्य पत्रकार महिलाहरूलाई निश्चित विषयबारे प्रत्यक्ष अवलोकन गराएर त्यस्ता विषयमा कलम चलाउन उत्प्रेरित गर्नु हो।

पत्रकार महिलाका क्षेत्रमा काम गर्ने संस्थाहरूले महिलालाई पत्रकारिता क्षेत्रमा ल्याउन तथा क्रियाशील पत्रकार महिलाहरूको क्षमता अभिवृद्धिमा सघाएजस्तै दलित, जनजाति वा मधेसी पत्रकारहरूका लागि काम गर्ने संस्थाहरूले पनि आ-आफ्नो समुदायका पत्रकारहरूलाई तालिम दिएको देखिन्छ। दलित र मिडियाका क्षेत्रमा काम गर्ने जागरण मिडिया सेन्टर होस् वा आदिवासी जनजाति पत्रकारलाई समेटेर गठन भएको आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) वा मधेसी पत्रकारहरूका लागि मधेस मिडिया मिसन, मधेस विकास पत्रकार सङ्घजस्ता संस्थाहरू अस्तित्वमा छन् (चन्द्रकिशोर २०६४)। यिनले पनि आ-आफ्ना समुदायका मुद्दा उठाउन तथा त्यस समुदायका व्यक्तिलाई पत्रकारितामा ल्याउन भूमिका खेलिरहेका छन्। जागरण मिडिया सेन्टरले आधारभूत पत्रकारिता तथा रेडियो कार्यक्रम उत्पादनसम्बन्धी धेरै तालिमहरूको आयोजना गरेको छ। अनिजले पनि आफ्ना समुदायका पत्रकार वा पत्रकारितामा आउन चाहनेका लागि आधारभूत र एड्भान्स्ड तालिमहरू चलाउँछ। साथै, विभिन्न स्थानमा भित्ते पत्रिका प्रकाशनको तालिम पनि दिन्छ। अनिजले प्रायजसो आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग सहकार्य गर्छ। यसले लोपोन्मुख आदिवासी जनजाति लेप्चा, हायु, किसान, थामी, चेपाङ, बराम आदि समुदायका व्यक्तिलाई लक्षित गरेर आधारभूत तालिम दिइरहेको छ।[३४] यीबाहेक आदिवासी जनजातिभित्र पनि तामाङ, थारू आदि जाति विशेषका पत्रकारहरूका संस्था पनि छन् तर तिनले चाहिं तालिम सञ्चालन गरेको थोरै मात्रै उदाहरण छन्।

### *निश्चित विषय, क्षेत्र वा बिटमा काम गर्न खुलेका संस्था*

खास क्षेत्र, मुद्दा वा बिटलाई मिडियासँग जोडेर खुलेका संस्था वा सङ्गठनहरू पनि तालिम सञ्चालनमा देखिएका छन्। उदाहरणका लागि नेपाल वातावरण पत्रकार समूह (नेफेज), सोसाइटी अफ इन्भाइरोमेन्टल जर्नालिस्ट्स (सेज) नेपाल, फ्रिडम

---

[३३] डब्लुडब्लुजेकी अध्यक्ष सङ्गीता लामासँग २०६६ मङ्सिर ८ मा गरिएको कुराकानी।

[३४] अनिजका महासचिव मोहनसिंह लामासँग २०६६ भदौ ११ मा गरिएको कुराकानी।

फोरम, आर्थिक पत्रकार समाज नेपाल (सेजन), शिक्षा पत्रकार समूह, खेलकुद पत्रकार मञ्च आदिलाई लिन सकिन्छ । आफूले काम गरिरहेका विषय (बिट) मा रिपोर्टिङ गरिरहेका पत्रकारहरूको दक्षता अभिवृद्धि गर्न तथा नयाँनयाँ परिस्थितिबारे परिचित गराउनका लागि यिनले तालिम दिने गरेका छन् । नेपाल वातावरण पत्रकार समूहले वातावरणीय क्षेत्रमा देखिएका समस्या तथा नयाँनयाँ मुद्दाहरूबारे छापादेखि रेडियो, टिभी, अनलाइनमा कार्यरत पत्रकारलाई प्रशिक्षित गराउने खालका विषयगत र फोटो पत्रकारितासम्बन्धी प्राविधिक तालिम पनि दिने गरेको पाइन्छ ।

त्यस्तै, हिमाल एसोसिएसनअन्तर्गत स्थापना भई अहिले छुट्टै संस्थाका रूपमा रहेको खोज पत्रकारिता केन्द्रले पत्रकारहरूका लागि खोज पत्रकारिता तथा फिचर लेखनसम्बन्धी तालिम दिन्छ । खोज पत्रकारिता केन्द्रले पत्रकारहरूलाई खोज पत्रकारितामा दक्ष बनाउने उद्देश्यले २०६२/६३ सालतिर ३/३ महिनाका दुईओटा आवासीय पत्रकारिता पाठशाला चलाएको थियो । त्यसबाहेक समय समयमा खोज पत्रकारितासम्बन्धी छोटा छोटा अवधिका तालिम पनि सञ्चालन गर्दछ ।[३५]

सुदूरपश्चिमका मिडियाहरूको विकास र प्रवर्द्धनको उद्देश्यसहित खुलेको सुदूरपश्चिमाञ्चल सञ्चार विकास केन्द्र (एफएमडिसी) होस् वा काठमाडौंमा स्थापित राष्ट्रिय सञ्चार विकास केन्द्र (एनएमडीसी); यिनले पनि बेलाबेलामा तालिमहरू सञ्चालन गरिरहेका छन् । एफएमडिसीले सुदूरपश्चिम क्षेत्रका पत्रकारहरूका लागि सान्दर्भिक मुद्दाहरू द्वन्द्व न्यूनीकरण, शान्ति स्थापना, पर्यटन विकास, वन्यजन्तु संरक्षण, वातावरणजस्ता मुद्दामा लेख्नका लागि त्यहाँ कार्यरत पत्रकारहरूलाई क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम तथा अन्य कार्यक्रमहरू गर्दै आएको छ ।[३६] एनएमडिसीले भने प्रायः स्वास्थ्य क्षेत्रका मुद्दाहरूबारे पत्रकारलाई तालिम दिने गर्दछ । साथै, दुर्गम क्षेत्रमा गएर एक हप्ताको आधारभूत पत्रकारिता तालिम पनि यस संस्थाले दिइरहेको छ ।[३७]

सामुदायिक रेडियोका पक्षमा काम गर्न खुलेका संस्थाहरूले सामुदायिक रेडियोको विकासका लागि आवश्यक पर्ने आर्थिक, भौतिकदेखि जनशक्तिको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । नेपाल वातावरण पत्रकार समूह (नेफेज) अन्तर्गतको सामुदायिक रेडियो सहयोग केन्द्र (सारेसके)

---

[३५] खोज पत्रकारिता केन्द्रका अध्यक्ष राजेन्द्र दाहालसँग २०६६ कात्तिक ९ मा गरिएको कुराकानी ।

[३६] एफएमडिसीका अध्यक्ष उमिद बागचन्दसँग २०६६ भदौ ३१ मा गरिएको कुराकानी ।

[३७] संस्थाका निर्देशक विष्णुप्रसाद शर्मा पराजुलीसँग २०६६ भदौ पहिलो हप्ता गरिएको कुराकानी तथा उक्त संस्थाको वेबसाइट http://www.nmdc.org.np/ बाट प्राप्त जानकारीमा आधारित ।

ले सामुदायिक रेडियोका जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत रेडियो स्टेसनमा काम गर्ने स्टेसन म्यानेजरदेखि पत्रकार, कार्यक्रम प्रस्तोता तथा प्राविधिज्ञसम्मलाई विभिन्न तालिम दिँदै आएको छ । यसले स्टेसन म्यानेजरहरूलाई लक्षित गरेर रेडियो व्यवस्थापनसम्बन्धी तालिम, पत्रकार तथा कार्यक्रम उत्पादकहरूका लागि रेडियो उत्पादन तालिम तथा प्राविधिज्ञहरूका लागि डिजिटल एडिटिङसम्बन्धी तालिम दिने गरेको छ । यसले कुनै एउटा रेडियोलाई मात्र लक्षित गरेर वा धेरैओटा रेडियोका प्रतिनिधिलाई एकै ठाउँमा राखेर तालिम दिन्छ । एउटा रेडियो स्टेसनले आफूले नै खर्च बेहोर्ने गरी माग गरेको खण्डमा तथा सारेसकेको परियोजनाअन्तर्गत सहयोगको सूचीमा परेका रेडियोहरूलाई रेडियो स्टेसनमै गएर त्यसको स्थापनाका लागि अन्य सहयोगका साथसाथै जनशक्ति तालिम पनि दिन्छ। दोस्रो, विभिन्न रेडियोबाट विभिन्न खालका तालिमको माग भइरहेका सन्दर्भमा प्राथमिकताका आधारमा परियोजना तयार गरी रेडियोहरूको समूह बनाएर त्यहाँका जनशक्तिलाई तालिम दिने गर्दछ ।[३८]

सामुदायिक रेडियोहरूकै लागि काम गर्न भनेर गठन गरिएको संस्था हो सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोर्‍याब) । यसले पनि सामुदायिक रेडियोको विकास र क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम गर्छ । यसले जनशक्तिलाई लक्षित गरेर बेलाबेलामा तालिमको आयोजनासमेत गर्ने गरेको छ। यसको छातामुनि २०६६ पुस अन्त्यसम्ममा देशभरका १५७ सामुदायिक रेडियोहरू आबद्ध भइसकेका छन् । यसले २०६२-६३ साल (सन् २००६) देखि तालिम दिन थालेको हो । मुख्य गरी रेडियोसम्बन्धी चार प्रकारका तालिम सञ्चालन गर्ने गरेको छ। त्यसअन्तर्गत स्टेसनका व्यवस्थापक वा निर्देशकलाई रेडियो व्यवस्थापनसम्बन्धी (३ दिने), रेडियो पत्रकार र कार्यक्रम उत्पादकलाई आधारभूत पत्रकारिता (५ दिने), प्राविधिज्ञलाई प्राविधिक (५ दिने) र तथा दुर्गम क्षेत्रका रेडियोलाई लक्षित गरी आवश्यकता पहिचान गरेर समग्र रेडियो तालिमको प्याकेज (५ दिने) दिने गरेको छ ।[३९]

### *पेसागत सङ्घ-सङ्गठन*

---

[३८] सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीसँग २०६६ असोज २० मा गरिएको कुराकानी ।

[३९] सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोर्‍याब) का कार्यकारी निर्देशक प्रमोद तण्डुकारसँग २०६६ भदौ ३१ मा गरिएको कुराकानी ।

यस समूहअन्तर्गत समग्र पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घदेखि राजनीतिक दलसम्बद्ध सङ्गठनहरू प्रेस चौतारी, प्रेस युनियन तथा क्रान्तिकारी पत्रकार सङ्घ आदि पर्दछन्। यी संस्थाहरूका गतिविधि प्रायः पेसागत हक अधिकारका लागि लविङ गर्ने तथा प्रेस स्वतन्त्रताका लागि आन्दोलन गर्नेमा नै बढी केन्द्रित हुने गरेको छ। त्यसैले पत्रकारिताको तालिम दिनु यिनको प्राथमिकता होइन। तैपनि सदस्यहरूले तालिमको माग गर्ने भएकाले यी सङ्गठनहरूले कहिलेकाहीं तालिम सञ्चालन गर्छन्। यद्यपि उनीहरूले तालिम भन्ने गरे पनि बढीमा तीन दिनसम्म र प्रायः गरी एक वा दुई दिनको परिचयात्मक गोष्ठी वा भेला हुन् ती। किनकि, त्यस्ता कार्यक्रममा ५०-६० जना एकैसाथ सहभागी हुन्छन्। स्रोतव्यक्तिले प्रवचन दिने काम हुन्छ।

यस्ता पेसागत सङ्गठनहरू आफ्ना गतिविधि कतातिर केन्द्रित गराउने भन्नेमा द्विविधाग्रस्त छ। नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष धर्मेन्द्र झा भन्छन् :

> नेपाल पत्रकार महासङ्घ तालिम दिने संस्था होइन तर पत्रकारहरूको सङ्गठन भएकाले तालिमको आवश्यकता पनि हामीलाई नै महसुस हुन्छ। त्यसैले यसलाई पेसागत हक अधिकारका पक्षमा अभियानहरू सञ्चालन गर्ने संस्था बनाउने कि प्राज्ञिक संस्था बनाउने भन्ने बहस जारी छ।[४०]

त्यसैले पनि यसले तालिममा त्यति धेरै ध्यान दिएको देखिंदैन। महासङ्घले आधारभूत पत्रकारिताभन्दा पनि महासङ्घका सदस्य भइसकेका पत्रकारहरूलाई लक्षित गरेर पेसागत सुरक्षा तथा नेतृत्व विकासका तालिम दिने गरेको छ। सन् २००८ र २००९ को आँकडा हेर्ने हो भने आइएफजेको सहयोगमा यसले सुरक्षासम्बन्धी एक तथा सङ्गठन विकास र नेतृत्वसम्बन्धी एक गरी दुईओटा तालिम दिएको छ। सुरक्षासम्बन्धी तालिम द्वन्द्व क्षेत्र (खास गरी तराई) मा पत्रकारिता गरिरहेका पत्रकारलाई लक्षित गरेर ६ स्थानमा दिइएको थियो भने पछिल्लो तालिम चाहिं देशव्यापी रूपमा महासङ्घको जिल्ला शाखाका नेतृत्व तहमा रहेका पदाधिकारीलाई लक्षित गरेर दिइएको थियो। देशका विभिन्न १३ स्थानमा सञ्चालन गरिएको यस तालिममा ६० भन्दा बढी जिल्लाका पत्रकारहरू समेटिएका थिए।[४१]

---

[४०] झासँग २०६६ असोज २८ मा गरिएको कुराकानी।

[४१] धर्मेन्द्र झासँग २०६६ असोज २८ मा गरिएको कुराकानी।

नेपाल पत्रकार महासङ्घ बाँके शाखाले २०६३ मङ्सिरदेखि यता (पछिल्लो कार्य समिति निर्वाचित भएपछि) आयोजना गरेका कार्यक्रमलाई हेर्ने हो भने संविधानसभा चुनावको रिपोर्टिङ (दुई दिने), सूचनाको हक तथा कानुनी व्यवस्था र कार्यान्वयन (एक दिने), आचारसंहिता (एक दिने), बाल श्रम तथा बालअधिकार महासन्धि (एक दिने) कार्यक्रम सञ्चालन गरेको छ । हरेक कार्यक्रममा सालाखाला ६० जनाको सहभागिता थियो । वक्ताका रूपमा सम्बन्धित विषयका विज्ञ, महासङ्घको प्रतिनिधि र बाहिरका पत्रकार गरी तीनजनालाई राखिएको थियो ।[४२] उता पत्रकार महासङ्घ कैलाली शाखाले भने कुनै पनि प्रकारको तालिम गरेको पाइएन । कार्यक्रम गर्नुपर्छ भन्ने सोचाइ भए पनि बजेट अभाव र विभिन्न खालका प्रचारात्मक अभियान र आन्दोलनमा नै ध्यान केन्द्रित गर्नुपरेकाले सञ्चालन गर्न नसकेको जिल्ला अध्यक्ष दीर्घराज उपाध्याय, सचिव भरत शाह तथा सदस्य लक्की चौधरीको भनाइ थियो ।[४३]

तालिम सञ्चालन गर्ने वा नगर्ने तथा कस्ता तालिम सञ्चालन गर्ने भन्नेबारे महासङ्घको कुनै संस्थागत नीति छैन । यो केन्द्र वा जिल्ला तहमा हुने नेतृत्वको इच्छा र सक्रियतामा नै भर पर्छ । पुण्य पौडेल सभापति हुँदा नेपाल पत्रकार महासङ्घ कास्कीको आयोजनामा ट्रान्सपरेन्सी इन्टरनेसनलको आर्थिक सहयोगमा दुई हप्ताको खोज पत्रकारिताको तालिम सञ्चालन गरियो ।[४४] त्यस्तै, सुनसरी शाखाले २०६४ सालमा एउटा मिडिया मार्केटिङसम्बन्धी तालिम तथा दुईओटा आधारभूत पत्रकारिता तालिम दिएको थियो । यस शाखाले सुनसरी जिविस तथा धरान नगरपालिकाबाट आर्थिक सहयोग जुटाएर ती कार्यक्रम गरेको थियो ।[४५] पत्रकार महासङ्घको मोरङ शाखाले भने त्यस्तो कुनै तालिमको आयोजना गरेको पाइएन । स्रोतको अभावमा गर्न नसकिएको उक्त शाखाका सचिव विक्रम लुइँटेलले बताएका थिए ।[४६]

नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली काँग्रेस सम्बद्ध सङ्गठनहरू क्रमशः प्रेस चौतारी नेपाल, प्रेस युनियनले आक्कलझुक्कल तालिम दिएको पाइन्छ ।

---

[४२] पत्रकार महासङ्घ बाँकेका सभापति झलक गैरेसँग २०६६ असोज २० तथा सचिव शुक्रऋषि चौलागाईंसँग २०६६ भदौ २४ मा गरिएको कुराकानी ।

[४३] उपाध्यायसँग २०६६ असोज १ तथा शाह र चौधरीसँग २०६६ भदौ ३० मा गरिएको कुराकानी ।

[४४] नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य तथा पश्चिमाञ्चल संयोजक पुण्य पौडेलसँग २०६६ कात्तिक ६ मा गरिएको कुराकानी ।

[४५] नेपाल पत्रकार महासङ्घ सुनसरीका सभापति राजेश विद्रोहीसँग २०६६ असोज २४ मा गरिएको कुराकानी ।

[४६] लुइँटेलसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

यिनको पनि प्राय: सबैतिरको उस्तै समस्या छ– आर्थिक अभाव । काठमाडौंबाहिर धेरै ठाउँमा चौतारी वा युनियनका जिल्ला शाखाले आफ्नो कार्यालय पनि स्थापना गर्न सकेका छैनन् । बाँकेमा आफ्ना करिब १३० जना सदस्य रहेको प्रेस चौतारी र करिब १२० जना सदस्य रहेको प्रेस युनियनले वर्तमान अवस्थामा कुनै तालिम सञ्चालन गरेको पाइएन । यिनीहरू प्राय: आफू निकट दलका नेताहरू जिल्ला भ्रमणमा आएका बेला पत्रकार सम्मेलन गर्ने, आफ्नो वा महासङ्घको अगुवाइमा हुने प्रेस स्वतन्त्रता तथा अधिकार आन्दोलनमा सहभागिता जनाउनेजस्ता गतिविधिमा नै सीमित छन् । यी कार्यक्रममा पनि कि त राजनीतिक दलका नेताले कि सम्बन्धित सङ्गठनकै पदाधिकारीले खर्च धान्नुपर्ने स्थिति छ । सदस्यहरूबाट मासिक वा वार्षिक रूपमा उठाइने सदस्यता शुल्कबाहेक आम्दानीको अन्य स्रोत यी सङ्गठनसँग छैन । त्यो पनि सम्मेलनका बेला उठाइन्छ र त्यहीं खर्च हुन्छ । यी सङ्गठनका केन्द्रीय समितिले भने विगतमा एकाध तालिम सञ्चालन गरेको पाइन्छ । प्रेस चौतारीले प्रकोप जोखिम र प्रेस कानुनबारे २/२ ओटा तालिम सञ्चालन गरेको थियो । प्रेस युनियनले पनि २०६०-६१ सालतिर 'एक गाउँ एक पत्रकार' भन्ने नारा दिएर देशका प्रायजसो जिल्लाहरूमा एक हप्ताको आधारभूत पत्रकारिता तालिम दिएको थियो ।[४७] यिनले गर्ने तालिमहरूमा पनि एकै ठाउँमा ५०-६० जनालाई सहभागी गराएको पाइन्छ । भर्खर गठन भएको क्रान्तिकारी पत्रकार सङ्घ आफ्नो सङ्गठनलाई विस्तार गर्ने चरणमा नै भएकाले तालिमतर्फ ध्यानै दिएको छैन ।[४८]

### ***मिडियासँग असम्बन्धित गैरसरकारी संस्थाहरू***

तालिम दिने संस्थाहरूमा मिडिया क्षेत्रमा काम गर्न खुलेका मात्र छैनन्, गैरमिडिया क्षेत्रमा काम गर्ने संस्थाले पनि पत्रकारलाई तालिम दिइरहेका छन् । विभिन्न विषयमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका ती संस्थाको मिडियासँग निकै नजिकको सम्बन्ध हुन्छ । उनीहरू विशेष गरी सञ्चारका लोकप्रिय माध्यमहरूद्वारा आफ्ना चेतनामूलक कार्यक्रम अगाडि बढाउन चाहन्छन् । त्यसकारण मिडियालाई कार्य क्षेत्र नबनाएका संस्थाहरूका लागि पनि अचेल

---

[४७] प्रेस चौतारी बाँकेका अध्यक्ष रुद्र सुवेदीसँग २०६६ भदौ २६ तथा प्रेस युनियन बाँकेका अध्यक्ष नरेन्द्र थापासँग २०६६ भदौ २७ मा गरिएको कुराकानी । प्रेस युनियनले 'एक गाउँ एक पत्रकार' अभियानअन्तर्गत सञ्चालित तालिममा सहभागी भएका हाल थारू भाषाको *हमार पहुरा* दैनिक (धनगढी) का कार्यकारी सम्पादक प्रेम चौधरीसँग २०६६ भदौ ३० मा कुराकानी गर्दा उक्त तालिम आधारभूत पत्रकारितासम्बन्धी भएको र त्यसमा धनगढी एवं आसपासका ५०-६० जना सहभागी भएको बताएका थिए ।

[४८] क्रान्तिकारी पत्रकार सङ्घ कैलालीका अध्यक्ष टङ्क कुँवरसँग २०६६ असोज २ मा गरिएको कुराकानी ।

मिडिया नभई नहुने भएको छ । पत्रकारहरूलाई आफूले उठाइरहेका मुद्दासँग परिचित गराउन वा आफ्ना कार्यकर्ता वा जनशक्तिहरूलाई पत्रकारितासँग परिचित गराउन, उनीहरूले पत्रकारितासम्बन्धी तालिमको आयोजना गर्ने गर्दछन् । तसर्थ, यस्ता एनजीओ वा आइएनजीओहरूले दुई प्रकारले तालिम दिइरहेका छन् । पहिलो, पत्रकारिता गरिरहेका व्यक्तिहरूलाई विषयगत तालिम र दोस्रो निश्चित विषय वा मुद्दामा काम गर्ने आफ्ना कर्मचारी वा कार्यकर्ताहरूका लागि आधारभूत पत्रकारिता तालिम । यसमा पहिलो प्रकृतिको अभ्यास बढी मात्रामा भइरहेको पाइन्छ भने दोस्रो अभ्यास चाहिं थोरै छ ।

पहिलो अभ्यासअन्तर्गत विभिन्न क्षेत्रमा काम गर्ने संस्था जस्तै मानवअधिकारका क्षेत्रमा काम गर्ने इन्सेक, इह्रिकन, राष्ट्रिय मानवअधिकार आयोग आदिले मानव अधिकारका विभिन्न पक्षबारे दिने तालिम पर्दछन् । बालअधिकारका क्षेत्रमा काम गर्ने संस्था सिविन, युनिसेफ आदिले बाल सरोकारका मुद्दामा, सर्च फर कमन ग्राउण्डले द्वन्द्व तथा शान्ति स्थापनासम्बन्धी, पानोस साउथ एसियाले रेडियो पत्रकारिता तथा रेडियोको प्राविधिक पक्ष, विज्ञान तथा वातावरणका विषयमा तालिम दिने गर्दछन् ।[४९] त्यस्तै, एचआइभी र एड्स, महिला तथा घरेलु हिंसा तथा महिला स्वास्थ्य, वातावरण, द्वन्द्व, शान्ति प्रक्रिया र संविधानसभा, सुशासन आदि विषयका तालिमहरू तत् तत् मुद्दामा काम गर्ने संस्थाहरूले गरेका छन् । प्रायः तीन दिनदेखि पाँच दिनसम्मका यस्ता तालिमहरूमा प्रशिक्षार्थीलाई निश्चित स्थान (प्रायः क्षेत्रीय सदरमुकाम तथा काठमाडौंमा) मा राखेर दिने गरिएको हुन्छ । कतिपय संस्थाले प्रशिक्षार्थीलाई भत्ताको समेत व्यवस्था गरेका पाइन्छन् ।

काठमाडौं ठूला मिडियाका पत्रकारहरू आ-आफ्ना बिटमा सक्रिय हुन्छन् । यहाँ विषयगत तालिम दिंदा विषयअनुसारका सहभागीलाई लक्षित गरिन्छ । तर, काठमाडौंबाहिरको अवस्था भने यस्तो छैन । त्यहाँ विषयगत तालिममा पनि जोसुकै पत्रकारलाई सहभागी गराइन्छ । सम्बन्धित विषयका विज्ञहरूलाई प्रशिक्षकका रूपमा निम्त्याएर प्रवचन विधिद्वारा सहभागीलाई प्रशिक्षित गरिन्छ । सहभागीको रुचि र आवश्यकताभन्दा पनि आयोजक संस्थाका रुचिका आधारमा यस्ता तालिमहरू सञ्चालित हुन्छन् । त्यसैले तालिमका लक्षित वर्ग किटान नहुने, तालिमपश्चात्

---

[४९] पानोस साउथ एसियाले पनि एफएम रेडियोलाई विभिन्न प्रकारको सहयोग गर्दै आएको छ । यसले सन् २००६ देखि २००८ सम्म रेडियोहरूको नेटवर्क निर्माणमा काम गरेको थियो । कम्युनिकेसन कर्नरसँग मिलेर लागु गरिएको उक्त परियोजनाअन्तर्गत उज्यालो नेटवर्कभित्र समेटिएका रेडियो स्टेसनका जनशक्तिलाई प्रसारण प्रविधिलगायत रेडियो कार्यक्रम उत्पादनसम्बन्धी तालिम यसले सञ्चालन गरेको थियो ।

त्यसको प्रभाव भए नभएकोबारे बेवास्ता गरिने र फलोअप तालिमको कुनै व्यवस्था नहुने स्थिति छ। यसो हुनाले यी तालिमको सान्दर्भिकतामाथि निकै प्रश्नहरू तेर्सिएका छन्। यस्ता तालिममा हुने लगानी र तिनको प्रभावकारिताको तुलना गर्दा नतिजा उत्साहप्रद देखिंदैन। तैपनि राष्ट्रियस्तरमा बहसमा आएका मुद्दाहरूबारे पत्रकारहरूलाई जानकारी गराउन र तिनलाई मिडियामार्फत बाहिर ल्याउन यस्ता तालिमले केही न केही भूमिका खेलेका छन्।

आफ्ना कार्यकर्ताहरू पनि मिडियाको उपयोग गर्न सक्षम होऊन्, उनीहरूले मिडियालाई बुझून् जसले गर्दा आवश्यक पर्दा मिडियासँग सहकार्य गर्न सजिलो होस् भनेर पनि तालिम दिने गरिएको पाइन्छ। काठमाडौंस्थित जनहित संरक्षण मञ्च (प्रो पब्लिक), नेपालगञ्जस्थित बागेश्वरी असल शासन क्लब (बास), रेयुकाई नेपाल, नेपालगञ्जस्थित एक्टिभ फोरम फर ह्युमन राइट्स अवेरनेस (एफा) जस्ता संस्थाहरूले समुदायमा क्लब गठन गर्छन् र ती क्लबका सदस्यहरूलाई आधारभूत पत्रकारिता तालिम दिन्छन्। प्रो पब्लिकले आफूले सञ्चालन गर्दै आएको रेडियो कार्यक्रम *असल शासन*का श्रोता क्लबहरू देशव्यापी रूपमा गठन गरेको छ। ती क्लबहरू स्थानीय क्षेत्रमा भ्रष्टाचार विरोधी जनचेतनामूलक गतिविधिमा संलग्न छन्। त्यस्ता क्लबका सदस्यहरूलाई तीन दिनदेखि एक हप्तासम्मका आधारभूत पत्रकारिता तालिम दिंदै भित्तेपत्रिकादेखि साप्ताहिक वा मासिक बुलेटिन निकाल्न उत्प्रेरित गरिन्छ। र, ती स्थानीय क्लबहरूले गाविसहरूमा सर्वसाधारणलाई यस्तै तालिम दिएका समेत हुन्छन्।

नेपालगञ्जस्थित बागेश्वरी असल शासन क्लब (बास) यस्तै मध्येको एउटा हो। यो अहिले छुट्टै गैरसरकारी संस्थाका रूपमा दर्ता भई विभिन्न जिल्ला र गाउँगाउँमा सदस्य क्लबहरू विस्तार गर्दैछ र भित्ते पत्रिका प्रकाशन र आधारभूत पत्रकारिता तालिम आयोजना गर्न थालेको छ। बासका तालिमहरू आधारभूत वा भित्ते पत्रिकामा मात्र सीमित छैनन्। यसले सूचना आह्वान गरेर रेडियो उद्घोषण तथा सार्वजनिक कार्यक्रम सञ्चालनको तालिम पनि दिन्छ। ती पनि प्रायः पाँच दिनदेखि एक हप्ताका हुन्छन्।[५०] यो तालिम चाहिं आय आर्जनका लागि गरेको देखिन्छ। नेपालगञ्जमा नै कार्यरत अर्को संस्था एफाले पनि केही वर्ष पहिलेसम्म विभिन्न गाउँमा बाल क्लबहरू गठन गर्ने तथा तिनलाई तीन दिने

[५०] बासका निर्देशक नमस्कार शाहसँग २०६६ भदौ २५ मा गरिएको कुराकानी।

[५१] एफाले दिएको तीन दिने भित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम लिएकी तथा अहिले एफामै लेखापालको रूपमा कार्यरत सृजना ओलीसँग २०६६ भदौ २३ मा गरिएको कुराकानी।

आधारभूत पत्रकारिता तालिम दिएर भित्तेपत्रिका प्रकाशनका लागि उत्प्रेरित गरेको थियो । अहिले भने यसले यस्तो गतिविधि सञ्चालन गरेको छैन ।[५१]

नेपालगञ्जमा बास वा एफाले जस्तै धनगढीमा २०६०-६१ सालभन्दा अगाडि रेयुकाई कैलाली शाखाले युवाहरूलाई सदस्य बनाई केही शुल्क लिएर प्रायः एक हप्ते पत्रकारिता तालिम दिने गरेको थियो । यसका अतिरिक्त रेडियो वा सार्वजनिक कार्यक्रममा उद्घोषण गर्ने तालिम पनि यसले आयोजना गर्दथ्यो ।[५२]

## निष्कर्ष

चाहे नाफामुखी संस्था होऊन् वा गैरनाफामुखी; मिडियाका क्षेत्रमा तालिम दिनेहरू सबैजसो संस्थाहरू काठमाडौंमा नै छन् । एनपीआईका क्षेत्रीय स्रोत केन्द्रबाहेक तालिमलाई नै मुख्य उद्देश्य बनाएर स्थापित संस्थाहरूको उपस्थिति काठमाडौंबाहिर अत्यन्तै कम छ । सहरी क्षेत्र जहाँ एनपीआईका स्रोत केन्द्र छन्, त्यहाँ अलि लामो अवधिको आधारभूत पत्रकारिता तालिमको माग कम हुँदै गएको छ । पहिलेको तुलनामा हरेक क्षेत्रीय स्रोत केन्द्रमा भर्नाका लागि प्रतिस्पर्धा निकै कम हुँदै गएको कुराले यसको पुष्टि गर्दछ । यिनले दिने आधारभूत तालिम अन्य संस्थाहरूको भन्दा केही व्यवस्थित, अलि लामो समय तथा हरेक वर्ष नियमित हुने गरेको छ र तुलनात्मक रूपले महँगो पनि । यस्तो स्थितिमा सस्तो मूल्यमा, भनेको समयमा तथा छोटो अवधिमै पत्रकारिताको तालिम लिन चाहनेहरूको संख्या चाहिं त्यस्ता ठाउँमा पनि दिन प्रतिदिन बढ्दो छ । त्यो देखेर विभिन्न नाममा तालिम सञ्चालन गर्ने संस्थाहरू देखा परेका छन् । तिनले अत्यन्तै कमजोर पूर्वाधारमा तालिम सञ्चालन गरिरहेका छन् । कमजोर पूर्वाधारमा देखासिकीका भरमा आफ्नो संस्थाको अस्तित्व देखाउन र मौका छोप्दै नाफा आर्जन गर्न दिइने तालिमको कमजोर प्रभावकारिताले गर्दा मिडिया तालिमप्रति नै नकारात्मक धारणा उत्पन्न भएको छ ।

काठमाडौंबाहिरको सन्दर्भमा एनपीआई क्षेत्रीय स्रोत केन्द्र भएका स्थानहरूमा त कम्तीमा आधारभूत पत्रकारिता तालिमको अवसर उपलब्ध छ । त्यसभन्दा बाहिरका जिल्लाहरूमा आधारभूत पत्रकारिताकै पनि स्तरीय तालिमको अवसर त्यति छैन । तालिमकै लागि भनेर क्षेत्रीय स्रोत केन्द्र भएका ठाउँसम्म आउन पनि आर्थिक र व्यावहारिक हिसाबले धेरैका लागि सम्भव हुँदैन । एनपीआईले नै दातृ

[५२] रेयुकाई नेपाल कैलाली शाखाले विगतमा दिएको तालिममा सहभागी भएका धनगढीका पत्रकारहरू हरिश भट्टसँग २०६६ असोज १ तथा टङ्क कुँवरसँग २०६६ असोज २ मा गरिएको कुराकानी ।

सहयोग पर्याप्त रहेको अवस्थामा गाउँगाउँमा एक वा दुई हप्ताका त्यस्ता तालिम लिएर जाने गर्दथ्यो, जसले दुर्गम भेगमा रहेर पत्रकारिता गर्न चाहनेका लागि राहत दिन्थ्यो । अहिले एनपीआईको त्यस्तो प्रयास आर्थिक अभावका कारण लगभग शून्य नै छ । तर, आवश्यकता भने बढ्दो छ । ग्रामीण क्षेत्रमा एफएम रेडियोलगायत अन्य सञ्चारमाध्यमहरूको विस्तार भएकाले यस्ता ठाउँहरूमा पनि मिडियासम्बन्धी तालिमको माग निकै बढिरहेको छ । काठमाडौंमा स्थापित मिडिया वा गैरमिडिया क्षेत्रमा काम गर्न खुलेका अन्य संस्थाहरू पनि बढी त काठमाडौं केन्द्रित छन् । काठमाडौंबाहिर तालिम सञ्चालनका लागि पनि क्षेत्रीय सदरमुकामभन्दा पर ती प्रायः पुग्दैनन् । त्यहाँभन्दा बाहिरका सहभागीहरूलाई सामेल गराउनेमा भन्दा बढी तालिमका नाउँमा तामझाम देखाउनेतर्फ उनीहरूको ध्यान हुन्छ । त्यसका लागि महँगा होटलहरूमा तालिम गराइन्छ । एकै स्थानका व्यक्तिहरू उही प्रकारका तालिममा बारम्बार सहभागी हुने तथा तालिमको अवसर नपाउने व्यक्ति चाहिं सधैं त्यसबाट वञ्चित हुन्छन् ।

आफ्ना जनशक्तिलाई क्षमतावान् बनाउनेमा सञ्चार गृहहरूको लगानी एकदमै न्यून छ । थोरै लगानीमा पनि सञ्चालन गर्न सकिने आन्तरिक तालिममा पनि व्यवस्थापनले ध्यान दिइरहेको छैन । आन्तरिक तालिम दिएका छौं भन्ने दाबीलाई तालिम भन्नुभन्दा पनि आन्तरिक बैठक भन्न सकिन्छ । कतिपयले नयाँनयाँ परिस्थितिबारे पत्रकारलाई प्रशिक्षित गराउन खोजे पनि त्यस्ता कार्यक्रमले त्यति निरन्तरता पाएका छैनन् । अर्थात्, त्यसका लागि कुनै संस्थागत नीति र निर्देशिका बन्न सकेको छैन ।

समग्रमा हेर्दा मिडियासम्बन्धी तालिम दिने सन्दर्भमा सुधार हुनुपर्ने क्षेत्रहरू धेरै हुँदाहुँदै पनि हरेक वर्ष नयाँनयाँ व्यक्तिलाई यस क्षेत्रमा प्रवेश गराउन र भएकालाई थप ज्ञान र सीप सिकाउन यस्ता तालिमले निर्वाह गरेको भूमिकालाई बिर्सन भने मिल्दैन । यहाँका विश्वविद्यालयमा हुने पत्रकारिताको पढाइले विद्यार्थीलाई प्रयोगात्मक सीप प्रदान गर्न त्यति सकिरहेको छैन । यस्तो परिप्रेक्ष्यमा तालिमका सहभागीले केही बढी प्रयोगात्मक सीप सिकेर मिडियामा प्रवेश गर्ने मौका पाएका छन् । यदि तालिम दिने विभिन्न गैरसरकारी र निजी संस्थाहरूको यस्तो सक्रिय गतिविधि नहुँदो हो त त्यो सहजै सम्भव थिएन । त्यसमाथि पनि विभिन्न वर्ग, क्षेत्र र समूहका लागि काम गर्न खुलेका संस्थाहरूले यस क्षेत्रमा देखिएको रुचि र सक्रियताले नेपाली मिडियामा विभिन्न जातजाति, लिङ्ग, क्षेत्र र समूहको प्रतिनिधित्व गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा दुई मत छैन । विभिन्न क्षेत्रमा काम गर्न खुलेका संस्थाहरूको रुचि र सक्रियता नेपाली मिडियाको विकासमा सकारात्मक पाटो हो । यद्यपि केही विकृति र कमी कमजोरीहरूलाई भने समयमै पहिल्याएर त्यसमा सुधार ल्याउनु अपरिहार्य छ ।